प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०६/२२


(बेलुका ५:०० बजे)


### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्थाः

- ❖ हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब चवालिस प्रतिशत (४३.८७%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ।
- ❖ आज ११०३ जना महिला र १७३६ जना पुरुष गरी कुल २८३९ जनामा नयाँ संक्रमण पुष्टि भएको छ ।
- ❖ यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ९८६१७ (१००%) | ४३२६६ (१००%) |
| निको भएको | ७१३४३ (७२.३%) | २५३०५ (५८.५%)* |
| उपचाररत | २६६८४ (२७.१%) | १७७१९ (४०.९%)* |
| मृत्यु भएको | ५९० (०.५९%) | २४२ (०.५६%)* |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/२२ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/२२ |

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः





स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०६/२२

❖ यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

❖ **बागमती प्रदेशमा निधन भएका कोभिड-१९ संक्रमितहरुको विवरण यस प्रकार रहेको छः**




- यस प्रदेशमा मृत्यु हुनुभएका कोभिड-१९ संक्रमितमध्ये ६० वर्षभन्दा माथिका उमेर समुहमा मृत्युको अनुपात धेरै भएको देखिन्छ (कुल मृत्युको करिब ६२%) ।
- माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिकहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।

(मिति २०७७/०६/१८ सम्म)

❖ **गत २४ घण्टामा आइसीयु र भेन्टिलेटरमा भएका बिरामीको संख्याः**

गत २४ घण्टामा १२८ जना संक्रमितको आइसियुमा उपचार भइहेको छ जसमध्ये २९ जना भेन्टिलेटरमा हुनुहुन्छ ।

❖ **गत २४ घण्टामा जिल्लागत निधनको संख्याः**

काठमाण्डौ — ३, चितवन — ३, ललितपुर — १, भक्तपुर — १ (**कुल जम्मा - ८**)

❖ **गत २४ घण्टामा भएको निधनको विवरणः**

- तारकेश्वर, काठमाण्डौका ५८ वर्षीय पुरुषलाई भाद्र ३० गते वीर अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २१ गते निधन भएको छ । उहाँ दिर्घ मृगौलाको समस्याले ग्रसित हुनुहुन्थ्यो । उहाँको असोज ११ गते कोभिड-१९ पुष्टि भएको थियो । त्यस्तै चावहिल, काठमाण्डौकी ७९ वर्षिया महिलालाई असोज १६ गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २१ गते निधन भएको छ । उहाँ दमको समस्याले ग्रसित हुनुहुन्थ्यो । उहाँको असोज १६ गते कोभिड-१९ पुष्टि भएको थियो । बुद्धनगर, काठमाण्डौका ९१ वर्षीय पुरुषलाई असोज १७ गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको असोज २० गते कोभिड-१९ पुष्टि भएको थियो ।
- भरतपुर-१, चितवनका ९२ वर्षिय पुरुषलाई श्वासप्रश्वासको समस्या भई असोज २० गते भरतपुर अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २१ गते निधन भएको छ । उहाँको असोज १९ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ दम र उच्च रक्तचापले ग्रसित हुनुहुन्थ्यो ।रात्नी, चितवनका ८१ वर्षिय पुरुषलाई एम्बुलेन्समा अस्पताल लाने क्रममा असोज २० गते निधन भएको छ । उहाँको असोज २० गते नै कोभिड-१९ पुष्टि भएको थियो । त्यस्तै भरतपुर-२, चितवनका ८१ वर्षिय पुरुषलाई निमोनिया भई असोज २० गते कलेज अफ मेडिकल स्सिंस, भरतपुरमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २१ गते निधन भएको छ । उहाँको असोज १९ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ उच्च रक्तचाप र मुटुरोगले ग्रसित हुनुहुन्थ्यो।

- सुगाल, ललितपुरकी ७३ वर्षिया महिलालाई निमोनिया भई असोज ८ गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २१ गते निधन भएको छ । उहाँको असोज ८ गते कोभिड-१९ पुष्टि भएको थियो । भक्तपुरकी ८२ वर्षिया महिलालाई निमोनिया भई असोज १३ गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २१ गते निधन भएको छ । उहाँको असोज १३ गते कोभिड-१९ पुष्टि भएको थियो ।
- उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ८१३९ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरिएकोमा हाल ४०८ जना बसिरहनुभएको छ भने १४६२ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ३२५६ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३७१५ जना (होम आइसोलेसन सहित) बसिरहनुभएको छ । आजको मितीसम्मको विवरण अनुसार यस प्रदेशमा १०१४५३ जनाको पिसिआर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमारहेका | आइसोलेसन | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका* | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | १३४७ | २१७४ | २६४६६ | २०८५# | २९३८२# |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | ११२३४ | ३२० | ४०१४ |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | ८८ | १०७६८ | १३५ | २९१५ |
| रसुवा | २५५ | ३ | ५ | ३५ | ३ | १०४१ | | २३ |
| नुवाकोट | ५४९ | ७ | १६ | ४० | ४३ | ५०६८ | ३ | २४० |
| धादिङ | ३१५ | ११ | १८ | १३७ | २६ | ३७१७ | ७१ | ६०५ |
| चितवन | २४६५ | ४४ | ५६९ | ३५५ | ९४३ | १५७७९ | ६९ | २८०२ |
| सिन्धुली | ३९२ | ५८ | ० | ४३ | ६४ | ३२९३ | ३ | २०४ |
| मकवानपुर | ३७७ | २१ | ४ | २९५ | ३२ | ११३५२ | १०५ | १७३० |
| रामेछाप | ४९० | ६५ | ४९ | १०८ | १२ | १४७९ | ५ | २११ |
| दोलखा | १९३ | १३ | ७३ | ४४ | ७ | २२२१ | १ | १५२ |
| काभ्रेपलान्चोक | ७८८ | २१ | ११५ | १७६ | ८९ | ४८२७ | २९ | ७६४ |
| सिन्धुपाल्चोक | ७८९ | १५ | १०१ | ५६ | २६ | ४२०८ | १३ | २२४ |
| जम्मा | ८१३९ | ४०८ | १४६२ | ३२५६ | ३७१५ | १०१४५३ | २८३९ | ४३२६६ |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको

# संक्रमितको संख्या हिजो संलग्न नगरिएको विवरण आज जोडिएको

## ❖ मुख्य-मुख्य क्रियाकलापहरुः

### ❖ संक्रमितको खोजी र फलो-अप कार्यः

सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

### ❖ आइसीयु बेड र भेन्टिलेटर व्यवस्थापनः

यस प्रदेशका विभिन्न जिल्लामा हाल ४३५ वटा आइसीयु बेड र १९८ वटा भेन्टिलेटर तयारी अवस्थामा रहेको छ जसअनुसार आइसीयु बेड र भेन्टिलेटरको संख्या क्रमशः काठमाडौंमा १२० र ६०, ललितपुरमा १०२ र ६८, भक्तपुरमा २० र १२, चितवनमा १७६ र ४९, सिन्धुलीमा २ र ३, काभ्रेपलान्चोकमा १५ र ५ तयारी अवस्थामा रहेको छ भने नुवाकोटमा ५ आइसीयु बेड र ३ भेन्टिलेटरहरु संचालन हुने प्रक्रियामा छ ।

### ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | | | १४६ | ६० जनाः<br><br>मकवानपुर-५७, महोत्तरी-१, रौतहट-१, धनुषा-१ | ८६ | |

(आज धुलिखेलस्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा प्राप्त भएको नमुना परिक्षण हुने क्रममा छ ।)

### ❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/
-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/
-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/
-कोभिड१९ संकट ब्यबस्थापन केन्द्रः ccmc.gov.np
-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates
-विश्व स्वास्थ्य संगठन / नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**
**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई